# नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी निर्देशिका, २०७७

प्रस्तावना : नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी प्रक्रियालाई सरल, स्पष्ट, व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउन आवश्यक भएकोले,

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९७ ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताको परामर्शमा नेपाल सरकारले देहायको निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी निर्देशिका, २०७७" रहेको छ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "कार्यविधि संहिता" भन्नाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्झनु पर्छ।

३. मुद्दा फिर्ता लिन सकिनेः (१) नेपाल सरकारले कार्यविधि संहिताको दफा ११६ को उपदफा (२) को अधीनमा रही प्रचलित कानून बमोजिम दायर भएको कुनै सरकारवादी फौजदारी मुद्दा देहायको कुनै अवस्थामा फिर्ता लिन सक्नेछः-

(क) सार्वजनिक हित, शान्ति एवं व्यवस्थामा गम्भिर असर पर्न नदिन फिर्ता लिन उपयुक्त देखिएमा,

(ख) सार्वजनिक सदाचार एवं नैतिकतामा प्रतिकूल प्रभाव पर्न नदिन फिर्ता लिन उपयुक्त देखिएमा,

(ग) सामाजिक, धार्मिक वा साम्प्रदायिक तनाव फैलन सक्ने अवस्था आउन सक्ने देखिएमा त्यस्तो अवस्थाको अन्त्य गर्नु पर्ने देखिएमा,

(घ) राजनीतिक, सामाजिक, धार्मिक एवं साम्प्रदायिक सद्भाव कायम गर्न मुद्दा फिर्ता लिन उपयुक्त देखिएमा,

(ङ) मुलुकमा शान्ति र अमन चयन कायम गर्न तथा राजनीतिक मुल प्रवाहमा ल्याउन नेपाल सरकारको तर्फबाट कुनै समूह वा राजनीतिक दलसँग गरिएको सम्झौता बमोजिम मुद्दा फिर्ता लिन उपयुक्त देखिएमा,

(च) विदेशीसँगको कुटनीतिक सम्बन्ध र सद्भाव कायम राख्न पारस्पारिकताको आधारमा मुद्दा फिर्ता लिन उपयुक्त देखिएमा,

नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबार, काठमाडौं

(छ) कुनै सरकारी प्रतिवेदनको आधारमा नेपाल सरकारबाट चलाइएको मुद्दामा पर्याप्त अध्ययन अनुसन्धानको कमी हुन गई वा अन्य कुनै कारणबाट भएको त्रुटिबाट नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दामा कुनै व्यक्ति निर्दोष रहेको पुष्टि भएकोमा ।

(२) उपदफा (१) को प्रयोजनको लागि कार्यविधि संहिताको दफा ११६ को उपदफा (२) को खण्ड (ग) बमोजिम कुनै व्यक्तिको सम्पत्तिमा क्षति पुगेकोमा त्यसरी भएको क्षतिको नेपाल सरकारबाट क्षतिपूर्ति उपलब्ध गराएर मात्र मुद्दा फिर्ता लिईनेछ। पीडितले प्रचलित कानून बमोजिम अन्य क्षतिको क्षतिपूर्ति वा राहत रकम पाउने रहेछ भने त्यस्तो क्षतिपूर्ति वा राहत रकम समेत उपलब्ध गराईनेछ।

४. <u>मुद्दा फिर्ताको लागि निवेदन दिन सक्ने:</u> कार्यविधि संहिता तथा यस निर्देशिका बमोजिम मुद्दा फिर्ता लिनको लागि देहाय बमोजिमका विवरणहरू खुलाई आवश्यक कागजात संलग्न गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा मुद्दाको सम्बद्ध पक्षले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछः-

(क) मुद्दा दायर भएको अदालत वा निकाय,

(ख) जाहेरी दरखास्तको प्रतिलिपि,

(ग) अभियोगपत्र, अभियुक्तको अनुसन्धानको क्रममा र अदालतमा भएको बयान तथा थुनछेक सम्बन्धमा अदालतबाट भएको आदेशको प्रतिलिपिहरु, र

(घ) मुद्दा फिर्ताको लागि कुनै निकाय वा राजनीतिक दलबाट सिफारिस गरिएको रहेछ भने सो सम्बन्धी कागजात।

५. <u>विवरण तयार गर्नु पर्ने:</u> (१) दफा ४ बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दासँग सम्बन्धित तथ्य संकलन गरी देहायको विवरण तयार गर्नु पर्नेछ :-

(क) मुद्दा फिर्ताको लागि निवेदन दिने व्यक्तिको नाम, थर र वतन,

(ख) मुद्दाको जाहेरवाला, वादी, प्रतिवादीको नाम, थर र वतन,

(ग) मुद्दा विचाराधीन रहेको अदालत,

(घ) मुद्दा पुर्पक्षको अवस्था,

(ङ) कुनै निकाय वा राजनीतिक दलले मुद्दा फिर्ताको लागि सिफारिस वा अनुरोध गरेको रहेछ भने सो सँग सम्बन्धित कागजात,

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

(च) कार्यविधि संहिताको दफा ११६ को उपदफा (८) को अवस्था विद्यमान रहे नरहेको,

(छ) मुद्दा फिर्ता लिंदा त्यसले पार्ने प्रभाव।

(२) उपदफा (१) बमोजिम विवरण तयार गर्दा आवश्यकता अनुसार पीडितको भनाईसमेत विवरणमा समावेश गर्न सकिनेछ ।

६. कारबाही अघि वढाउनु पर्नेः दफा ५ बमोजिमको विवरणका आधारमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रत्येक मुद्दाको छुट्टाछुट्टै पृष्ठभूमि, मुद्दा दायर हुनुको कारण, मुद्दा फिर्ता गर्नु पर्ने कारण, औचित्य त्यसबाट उत्पन्न हुन सक्ने परिणाम र उपादेयता समेतका विवरण उल्लेख गरी आफ्नो राय सहितको फाइल गृह मन्त्रालयमा पठाउनु पर्नेछ।

७. सिफारिस माग गर्न सक्नेः (१) दफा ६ बमोजिम मुद्दा फिर्ता गर्ने कारबाही अघि बढाउनको लागि गृह मन्त्रालयले मुद्दाको सम्बद्ध पक्षबाट मुद्दा फिर्ता लिनु पर्नाको कारण पुष्टि गर्ने आधार सहितको सिफारिस माग गर्न सक्नेछ।

(२) गृह मन्त्रालयले फिर्ता लिन खोजिएको कुनै मुद्दाको सम्बन्धमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत आवश्यकता अनुसार स्थानीय राजनीतिक दलका प्रतिनिधिको राय वा राजनीतिक दलको केन्द्रीय कार्यालय मार्फत सिफारिस माग गर्न सक्नेछ।

(३) सम्बन्धित राजनीतिक दलले मुद्दा फिर्ताको लागि गर्ने सिफारिसको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

८. छानबिन समिति गठन गरी सोको आधारमा कारबाही अघि वढाउन सकिनेः दफा ४ बमोजिम मुद्दा फिर्ता लिने सम्बन्धमा निवेदन नपरेको भए तापनि दफा ३ बमोजिमको कुनै अवस्था रहेको देखिएमा सो सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न गृह मन्त्रालयले छानबिन समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिको कार्यदिश, प्रतिवेदनमा खुलाउनु पर्ने विवरण तथा कार्यावधि सो समिति गठन हुँदाका बखत निर्धारण गरे बमोजिम हुनेछ ।

(३) दफा ४, ५ र ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम छानबिन समिति गठन गरिएकोमा सो समितिको प्रतिवेदन समेतको आधारमा गृह मन्त्रालयले दफा ५ र ६ बमोजिमको विवरण तयार गरी कार्यविधि संहिता तथा यस निर्देशिका बमोजिम मुद्दा फिर्ताको लागि कारबाही अघि बढाउन सक्नेछ ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

९. <u>राय माग गर्नु पर्ने:</u> (१) दफा ६ बमोजिम मुद्दा फिर्ताको लागि फाइल प्राप्त हुन आएपछि वा दफा ८ को उपदफा (१) बमोजिम समिति गठन गरिएकोमा सो समितिको प्रतिवेदनको आधारमा सोही दफाको उपदफा (३) बमोजिम विवरण तयार गरेपछि त्यस्तो मुद्दा फिर्ता गर्नु पर्ने आधार र कारण मनासिव देखिएमा गृह मन्त्रालयले मुद्दा फिर्ता लिने सम्बन्धमा कार्यविधि संहिताको दफा ११६ को उपदफा (४) बमोजिम महान्यायाधिवक्ताको राय माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम महान्यायाधिवक्ताको राय लिनु अघि मुद्दा फिर्ता माग गरिएको विषयवस्तु अन्य कुनै मन्त्रालयसँग सम्बन्धित भए सो मन्त्रालयको समेत परामर्श माग गर्नु पर्नेछ।

(३) यस निर्देशिकामा लेखिए बमोजिमको कार्यविधि पूरा भएको देखिएमा महान्यायाधिवक्ताले आवश्यकता र औचित्यको आधारमा मुद्दा फिर्ता लिने परामर्श दिन सक्नेछ।

१०. <u>मन्त्रालयमा फाईल पठाउनु पर्ने:</u> (१) दफा ६, ७, ८ र ९ बमोजिमको प्रक्रिया पूरा भएमा गृह मन्त्रालयले मन्त्रीस्तरीय निर्णय गरी मुद्दा फिर्ता लिने प्रक्रिया अघि बढाइदिन सो सम्बन्धी सक्कलै फाइल मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फाइल पठाउँदा गृह मन्त्रालयले मुद्दा फिर्ता लिनु पर्नाको कारण र आधार तथा पीडित पक्षलाई क्षति पुग्न गएको रहेछ भने त्यसरी पुग्न गएको क्षतिको विवरण समेत खुलाई पठाउनु पर्नेछ ।

११. <u>प्रस्ताव पेश गर्न सक्ने:</u> (१) दफा १० बमोजिम गृह मन्त्रालयबाट मुद्दा फिर्ताको लागि फाइल प्राप्त भएमा मन्त्रालयले मुद्दा फिर्ता लिने सम्बन्धी प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा पीडित पक्षलाई क्षतिपुग्न गएको रहेछ भने त्यसरी पुग्न गएको क्षतिको विवरण समेत खुलाउनु पर्नेछ ।

१२. <u>निर्णय कार्यान्वयन गर्न लेखी पठाउने:</u> दफा ११ बमोजिम मन्त्रालयबाट पेश भएको प्रस्ताव बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्बाट मुद्दा फिर्ता लिने निर्णय भएमा मन्त्रालयले त्यस्तो निर्णय कार्यान्वयनका लागि निर्णयको प्रतिलिपि र मुद्दाको विवरण समेत संलग्न गरी महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउनु पर्नेछ।

१३. <u>अदालतमा निवेदन दिनु पर्ने:</u> दफा १२ बमोजिम मुद्दा फिर्ताको लागि लेखी आएमा महान्यायाधिवक्ताको कार्यालय वा सम्बन्धित सरकारी वकील कार्यालयले नेपाल सरकार,



नेपाल सरकार
संघीय मामिला मन्त्रालय
काठमाडौं

मन्त्रिपरिषद्बाट मुद्दा फिर्ता लिने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि र मुद्दाको विवरण सहित कार्यविधि संहिताको दफा ११६ को उपदफा (५) बमोजिम मुद्दा फिर्ता लिने सम्बन्धमा सम्बन्धित अदालतमा निवेदन दिनु पर्नेछ।

१४. आदेश दिन सक्नेः मुद्दा फिर्ता लिन आदेश गर्न मिल्ने भएमा अदालतले कार्यविधि संहिताको दफा ११६ को उपदफा (७) बमोजिम मुद्दा फिर्ता लिने आदेश दिन सक्नेछ।

१५. विवरण पठाउनु पर्नेः महान्यायाधिवक्ताको कार्यालयले कार्यविधि संहिता तथा यस निर्देशिका बमोजिम फिर्ता लिएको मुद्दाको विवरण तथा मुद्दा फिर्ता हुन नसकेको भए सो सम्बन्धी विवरण गृह मन्त्रालय र मन्त्रालयमा पठाउनु पर्नेछ।

१६. मुद्दा फिर्ता सम्बन्धी कारबाही अघि बढाउन नसकिनेः यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा दफा ३ बमोजिम मुद्दा फिर्ता लिने सम्बन्धी कारबाही अघि बढाउन सकिने छैनः-

(क) कार्यविधि संहिताको दफा ११६ बमोजिम फिर्ता लिन नमिल्ने मुद्दा,

(ख) पुनरावेदन, साधक जाँच वा पुनरावलोकनको रोहमा वा मुद्दा दोहोऱ्याउने अवस्थामा विचाराधीन रहेको मुद्दा,

(ग) मुद्दामा एक भन्दा बढी व्यक्ति प्रतिवादी रहेका भए आंशिक रुपमा कुनै एक अभियुक्तको मात्र मुद्दा फिर्ता लिने गरी निवेदन परेको मुद्दा।

१७. खारेजी र बचाउः (१) नेपाल सरकारबाट मिति २०७१।०७।२० मा स्वीकृत नेपाल सरकारवादी भई चलाइएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी कार्यविधि, २०७१ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि बमोजिम भए गरेका काम कारबाहीहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ४ सँग सम्बन्धित)

## मुद्दा फिर्ताको लागि दिइने निवेदनको ढाँचा

श्री जिल्ला प्रशासन कार्यालय

..........................।

विषय: मुद्दा फिर्ता गरी पाउँ ।

१. निवेदकको नाम, थर र वतन :

२. मुद्दाको वादी र प्रतिवादीहरूको नाम, थर र वतनः

३. मुद्दाको नाम :

४. मुद्दाको संक्षिप्त विवरणः

५. मुद्दा विचाराधीन रहेको निकाय वा अदालतको व्यहोरा :

६. मुद्दा फिर्ता लिनु पर्नाको लिनु पर्नाको बस्तुनिष्ठ आधार, प्रमाण र औचित्य पुष्टि हुने विवरण सहितको कथन :

७. उल्लिखित व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

मुद्दा फिर्ताको लागि निवेदन दिनेको,-

दस्तखतः

नाम, थरः

मितिः

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसुची-२

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

## मुद्दा फिर्ताको लागि दिइने सिफारिसको ढाँचा

श्री गृह मन्त्रालय/ जिल्ला प्रशासन कार्यालय

.....................................।

विषयः मुद्दा फिर्ताको लागि सिफारिस गरिएको ।

१. मुद्दाको वादी र प्रतिवादीको नाम, थर र वतन :

२. मुद्दाको नामः

३. मुद्दाको संक्षिप्त विवरणः

४. मुद्दा फिर्ताको लागि किन सिफारिस गर्नु परेको हो? उक्त मुद्दा फिर्ता लिंदा त्यसबाट सार्वजनिक शान्तिमा के कस्तो प्रभाव पर्ने हो सो को वस्तुनिष्ठ आधार, कारण र औचित्य समेत पुष्टि हुने विवरण सहितको सिफारिसको व्यहोरा :

५. उल्लिखित व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

सिफारिस गर्ने व्यक्ति/प्रमुख राजनीतिक दलको,-

नाम :

दस्तखत गर्ने व्यक्ति/पदाधिकारीको,-

दस्तखत :

नाम, थर :

पद :

राजनीतिक दलको छाप :

मिति :

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं